स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता सलोन बस्नेतले बाल कलाकारको रुपमा फिल्ममा अभिनय गर्दा अभिनेत्री केकी अधिकारी बाल्यकालकै अवस्थामा थिइन् । त्यसबेलाका सुपरस्टारहरुसँग सलोनले काम गरेका फिल्म उनले प्राय: हेरेकी छन् । उनको 'चाइल्ड स्टार' थिए, सलोन । अहिले उनै सलोनसँग जोडी बाँधिएर केकीले फिल्म 'जय हो'मा काम गरेकी छन्, जुन आगामी भदौ ८ गतेबाट प्रदर्शनमा आउँदैछ । उनीहरुको पहिलो पटक सहकार्य भएको हो ।

आजको विचार...



अजयकुमार राई

न्यूनतम...

(दुई पेजमा)

सुदर्शन थापाले निर्देशन गर्न लागेको आगामी फिल्म 'रावायण'मा अभिनेत्री शिल्पा मास्के र अभिनेता कामेश्वर चौरसिया अनुबन्धित भएका छन् । फिल्मकी निर्मात्री सुप्रिया कट्वालले सुदर्शन थापा प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको फिल्ममा उनीहरुलाई औपचारिक रुपमा अनुबन्ध गरिएको जानकारी दिएकी छन् । यसअघि फिल्मको एक नायिकामा नीति शाह अनुबन्धित भइसकेकी छन् । फिल्मको शीर्ष नायकमा यसअघि नै अभिनेता अनमोल केसी अनुबन्धित भइसकेका छन् ।



❐ वर्ष २९ ❐ अंक २९ ❐ २०८० साउन २९ गते सोमबार 14 August 2023, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# वर्षाका कारण जनजीवन प्रभावित, सतर्क रहन आग्रह

**हाम्रा संवाददाता——**

**पाल्पा,** साउन २८/अविरल वर्षाका कारण पाल्पा, गुल्मीसहित अधिकांस जिल्लाहरुको जनजीवन प्रभावित भएको छ । वर्षाका कारण केही स्थानमा पहिरो खसेर सडक अवरुद्ध भएका छन् भने तराई क्षेत्रमा डुवान भएको छ । निकास नहुँदा तानसेनका सडक भएर पानी बग्दा आवागमनमा अप्ठ्यारो भएको छ । विशेष गरी विद्यालय जाने आउने विद्यार्थीहरु समस्यामा परेका छन् । शुक्रबारदेखि परेको अविरल वर्षाको कारण सडकमा जमेको पानीबाट यात्रुहरुले सास्ती व्यहोरेका छन् ।

निरन्तरको बर्सातले पाल्पा र गुल्मीका ग्रामीण क्षेत्रका ठाउँ-ठाउँमा पहिरो जाँदा जनजीवन कष्टकर बनेको छ । सडक हिलाम्य भएका छन् भने केही सडकहरु अवरुद्ध रहेको हाम्रा संवदाताहरुले जानकारी दिएका छन् । ग्रामीण भेगका प्राय: सबै सडक बिग्रिएकाले आवतजावतमा समस्या आएको छ । अविरल वर्षासँगै पहिरो खस्दा आइतबार कालीगण्डकी करिडोर अवरुद्ध भएको छ । गुल्मीको कालीगण्डकी गाउँपालिका-१ हर्मिचौर-अर्बेनी सडक खण्डको ठूलाखोला भन्ने स्थानमा ढुङ्गासहितको पहिरो खसेपछि कालिगण्डकी करिडोरमा यातायात अवरुद्ध भएको हो । निरन्तरको झरीले गाउँको जनजीवन प्रभावित बनेको हर्मिचौरका हरि भण्डारीले बताए । बर्सातले गाउँका बाटोहरु बिगारेकाले बिरामीलाई अस्पतालसम्म पुऱ्याउन सक्ने अवस्था समेत नरहेको उनको भनाई छ ।





**सतर्क रहन आग्रह**

अविरल वर्षाले नदीमा पानीको बहाव बढ्ने भएकाले नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन जल तथा मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ । शुक्रबाररातिदेखि भइरहेको अविरल वर्षाले लुम्बिनी, कोशी, मधेस, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेश भई बग्ने स-साना नदीहरुमा आकस्मिक बहावको जोखिम रहेकाले तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको हो । महाशाखाले जारी गरेको बाढी पूर्वानुमान बुलेटिनमा नारायणी, कर्णाली, बागमती, पूर्वी राप्ती, पश्चिम राप्ती, बबई, महाकाली नदी र यसका सहायक नदीहरुको जलसतह सतर्कता आसपास पुग्न सक्ने तथा केहीमा खतराको तह आसपास वा माथि पुग्नसक्ने पूर्वानुमान रहेकाले तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

पाल्पा, गुल्मी, रुपन्देही, कपिलवस्तु, नवलपरासी, अर्घाखाँची, प्यूठान, दाङ लगायतका अधिकांस जिल्ला भई बहने केही स-साना नदीहरुमा आकस्मिक बहावको जोखिम रहने पूर्वानुमान गरिएको छ । सोमबार देशभरका स-साना नदीहरुको बहाव बढ्ने तथा बागमती, गण्डकी, लुम्बिनी, कर्णाली, सुदूरपश्चिम प्रदेश भई बहने केही स-साना नदीहरुमा आकस्मिक बहावको जोखिम रहने पूर्वानुमान रहेको छ । यही साउन ३० गते लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश भई बहने केही स-साना नदीहरुमा बहाव बढ्ने पूर्वानुमान गरिएको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार अहिले देशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा उत्तरतिर (नेपाल नजिक) अवस्थित रहेको छ । साथै भारतको उत्तरपूर्वी उत्तर-प्रदेश तथा उत्तर-पश्चिम विहार आसपासमा रहेको न्यूनचापीय प्रणालीको पनि प्रभाव रहेकाले नेपालमा मौसममा बदली भई वर्षा गराएको महाशाखाले उल्लेख गरेको छ ।

## सक्षिप्त समाचार

### बस र कार ठोक्किँदा एकै परिवारका सातको मृत्यु



**भारत (रासस/एएनआई)——**

**जयपुर (राजस्थान),** साउन २८/ राजस्थानको बन्थडी गाउँमा शनिबार राति बस र कार ठोक्किँदा एकै परिवारका सात जनाको घटनास्थलमा मृत्यु भएको छ । दुर्घटनामा एक बालकसहित दुईजना गम्भीर घाइते भएका छन् । उनीहरू वैवाहिक समारोहमा सहभागी हुन सिकरबाट नागौर जाँदै थिए ।

सिकरबाट द्रुत गतिमा आइरहेको कार बन्थडी गाउँको तित्री चोकमा बससँग ठोक्किएको थियो । सात जनालाई घटनास्थलमै मृत घोषित गरिएको थियो भने एक नाबालक सहित दुई जनालाई डिडवानाको सरकारी बाङ्गर अस्पतालमा प्राथमिक उपचारपछि जयपुर रिफर गरिएको एक जना सुरक्षा अधिकारीले बताएका छन् ।

यसअघि शनिबार अपराह्न राजस्थानको जैसलमेरमा सीमा सुरक्षा बल (बिएसएफ)का जवान सवार ट्रक पल्टिँदा एक जवानको मृत्यु भएको थियो भने दर्जनौँ घाइते भएका थिए ।

## सूचना ! सूचना !! सूचना !!!

यस तानसेन खानेपानी उपभोक्ता समितिको मिति २०८० साल श्रावण महिनाको १९ गते बसेको कार्य समितिको बैठकको निणर्य अनुसार धारा नामसारी गर्न ईच्छुक उपभोक्ताहरुले मिति २०८० साल भाद्र २५ गते भित्र यस कार्यालयमा सर्म्पक गरी आवश्यक कागजातहरु पेश गरी नामसारीको लागि निबेदन दिनुहुन जानकारी गराईन्छ । साथै निवेदन दैनिक रुपमा दर्ता गरेता पनि यस समितिको निकट भविश्यमा हुने मतदानमा भाग लिन तथा उम्मेदवार हुन २०८० भाद्र २५ गते सम्म निबेदन दर्ता गराउनुहुन समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**अनुरोधक**

**मोहन प्रसाद श्रेष्ठ**

**अध्यक्ष**

**तदर्थ समिति एवं**

**तानसेन खानेपानी उपभोक्ता समिति परिवार**

सम्पर्क नं. : ०७५-५२२०८७

# स्मार्ट कृषिले किसानलाई व्यावसायिक बनाउँदै

**अर्घाखाँची,** साउन २८/सन्धिखर्क नगरपालिका-१ र २ मा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन भएपछि किसान व्यावसायिक तरकारी खेतीमा लागेका छन् । सन्धिखर्कको कुडूले फाँट, वृति फाँटर सुक्मी फाँटका किसान अहिले परम्परागतखेती छाडेर मौसमी तथा बेमौसमी तरकारी खेतीतर्फ आकर्षित भएका हुन् ।

लुम्बिनी प्रदेश सरकारले स्मार्ट कृषि गाउँ कार्यक्रम लागू गरेपछि यस क्षेत्रका किसान पनि आधुनिक तथा प्रविधिमैत्री तरिकाले तरकारी खेतीमा लागेका हुन् । आर्थिक वर्ष २०७७/७८ देखि लागू भएको स्मार्ट कृषि गाउँ कार्यक्रमबाट यस क्षेत्रका ५६ जना किसान तरकारी खेतीमा लागेको सन्धिखर्क स्मार्ट कृषि गाउँ कार्यसमितिका अध्यक्ष प्रेमनारायण भुसालले बताए । उनले ५६ जनामध्ये ४५ जना किसान व्यावसायिक कृषि पेसामा लागेको जानकारी दिए । किसानको मागका आधारमा किसानलाई बीउ मल तथा अत्याधुनिक उपकरणसमेत प्रदान गरेको अध्यक्ष भुसालको भनाइ छ । तरकारी खेतीलाई आधुनिकीकरण र व्यावसायिक बनाउन स्मार्ट कृषि गाउँ कार्यक्रमले आफूहरुलाई सहयोग गरेको किसान गोपालप्रसाद खनालले बताए । उनले किसानको मागका आधारमा मिनिटिलर, डिजिटल काटा, पानी तान्ने मोटर पम्प, स्कयर, प्लास्टिक टनेल जस्ता सामग्रीका साथै उन्नत जातका मौसमी तथा बेमौसमी तरकारीका बीउ मलसमेत किसानले प्राप्त गरेको बताए ।



(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## संसद्लाई बन्धक नबनाऊ

प्रतिपक्ष दल नेकपा एमालेले निरन्तर संसद अवरोध गर्दै आएको छ । सुन तस्करीको छानबिन गर्न उच्चस्तरीय समिति गठन गर्नैपर्ने अडान राख्दै एमालेले साउन १० यता प्रतिनिधिसभा चल्न दिएको छैन । मुलुकमा आर्थिक मन्दीले आम नागरिक प्रताडित भइरहेका छन् । त्यति मात्र होइन, लम्पी स्किन र डेंगी जस्ता महामारीका कारण जनता समस्यामा छन् । यस्तो अवस्थामा सार्वभौम संसद्को प्रमुख प्रतिपक्षीले भने सदनलाई बन्धक बनाएको छ । सरकारसँग जवाफ माग्ने जिम्मेवारी पाएको प्रतिपक्षीले नै संसद् अवरुद्ध गरिदिएपछि सरकारलाई पनि हाइसञ्चो त भएको छ, तर जनताका आम मुद्दा भने ओझेल परेका छन् । संसदीय शासन प्रणालीमा विपक्षी दलले सरकारको कमीकमजोरी औंल्याउँछ, जनताका समस्या उजागर गर्दै जनहितमा काम गर्न सरकारलाई खबरदारी गर्छ । जसले गर्दा सरकार र राजनीतिक दल जनताप्रति जिम्मेवार बन्छन्/हुन्छन् भन्ने विश्वास राखिन्छ, तर नेपालमा भने प्रतिपक्ष र सत्तापक्षको लडाइले संसद् बन्धक बन्न पुगेको छ । यो अत्यन्त दुखको कुरा हो । संसद् जीवन्त र जवाफदेहीको बहसको सर्वोच्च थलो पनि हो, तर यही संस्था अवरुद्ध हुनु भनेको लोकतन्त्र अवरुद्ध हुनु हो । मुठभेडको शैलीलाई प्रश्रय दिने हो भने संसदीय व्यवस्थाको औचित्य समाप्त हुन्छ । संसदीय व्यवस्थामा डकारेर/रमाएर मुठभेडमै जाने शैली अनुसरण गर्ने हो भने राजनीतिक र नैतिक चरित्रमाथि गम्भीर प्रश्न उठ्नेछ । संसद्को गतिरोध अन्त्य गर्न राजनीतिक सुझबुझ महत्वपूर्ण विकल्प हो ।

दलहरुले राजनीतिक सुझबुझ देखाउनुपर्छ । संसदीय राजनीतिका नाममा संसद्लाई यही शैलीमा बन्धक बनाइरहने हो भने यसले व्यवस्थाको दीर्घकालीन हित गर्दैन । सभ्य शैलीमा निकास निकाल्नु अहिलेको आवश्यकता हो । कारण जे भएपनि प्रतिनिधिसभा बैंठकले आफ्ना मूल कामकाजहरू थाल्नै नसक्नु उचित होइन । त्यसैले, सम्बन्धित सबैले आफ्नो भूमिकामा पुनर्विचार गरी जनप्रतिनिधिमूलक थलोलाई प्रभावकारी बनाउने कदम चाल्नुपर्छ । खासगरी, प्रतिपक्ष र सत्तापक्षले आफ्नो जिम्मेवारी महशुस गरी संसद्लाई गति दिनुपर्छ । जनताले आफ्नो सार्वभौमसत्ताको प्रयोग संसद्मार्फत गर्ने व्यवस्था संविधानमा छ । यस अर्थमा संघीय संसद् भनेको हाम्रो मुलुकको सार्वभौमसत्ता प्रयोग गर्ने मूल थलो हो । संघीय संसद्भन्दा शक्तिशाली निकाय हाम्रो मुलुकमा अर्को छैन । तसर्थ पनि संसद्लाई बन्धक नबनाई प्रभावकारी बनाइनुपर्छ ।

### Opinion @ Social Network

जिन्दगीको भागदौडमा यति कुरा थाहा भो कि,
सहारा दिने कोही होस् या नहोस् तर धक्का दिने हजार हुनेछन् ।
*(मुधुमाया रानाको फेसबुक स्टाटस https://www.facebook.com/madhumaya.rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# न्यूनतम पारिश्रमिक वृद्धिको अन्योल



## अजयकुमार राई

विभिन्न देशले आईएलओको उक्त अभिसन्धिलाई आधार बनाएर आ–आफ्नो देशमा न्यूनतम पारिश्रमिकलाई लिएर कानुन बनाउन थाले । औपचारिक रुपमा बेलायतले सन् १९९८ मा यसबारे कानुन बनाएर प्रक्रिया प्रारम्भ गऱ्यो । बेलायतमा यसको प्रत्येक एक वर्षमा समीक्षा र समयानुसार नयाँ वेतन लागू हुने गर्दछ । साथै, बेलायतमा मूलतः उमेरका आधारमा घण्टाका हिसाबले पारिश्रमिक तोक्ने प्रचलन रहिआएको छ । भारतले सन् १९४८ मा कानुन ल्यायो भने पछिल्लो समय केही परिमार्जित गर्दै लगेको देखिन्छ । भारतमा संघीय तथा प्रान्तीय सरकारहरूले न्यूनतम पारिश्रमिक तोक्ने प्रचलन छ । उच्च दक्ष, दक्ष, अर्धदक्ष र अदक्ष गरी चार आधारमा श्रमलाई वर्गीकरण गरेर सोका आधारमा न्यूनतम पारिश्रमिक तोकिने व्यवस्था रहिआएको छ । मूलतः कार्य प्रकृति छुट्याएर संघीयस्तरमा रहेको प्रतिष्ठानका श्रमिकका हकमा संघीय सरकारले र अन्यका हकमा प्रान्तीय सरकारले पारिश्रमिक तोक्ने गर्दछ । `पालका हकमा औपचारिक रुपमा श्रमिकहरूको पारिश्रमिक व्यवस्थित गर्न श्रम मन्त्रालयले ११ पुस २०६७ मा श्रम ऐन २०४८ को दफा २१(२) बमोजिम न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन गऱ्यो । समितिमा सरकार, रोजगारदाता र ट्रेड युनियन रहेको त्रिपक्षीय समिति रहेको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का अनुसार रोजगारदाताले श्रमिकलाई काम गरे बापत दिनुपर्ने सबैभन्दा कम पारिश्रमिक नै न्यूनतम ज्याला हो । रोजगारदाता होस् वा श्रमिक, कसैले पनि तोकिएको पारिश्रमिक घटाएर गर्ने लेनदेन वैध नहुने समेत संगठन बताउँछ । आईएलओले सबैभन्दा पहिले सन् १९२८ मा मिनिमम 'वेज फिक्सिङ मेसिनरी अभिसन्धि' पास गरेसँगै सबै देशलाई श्रमिकको न्यूनतम पारिश्रमिक लागू गराउने कानुन बनाउने आधार बन्यो । विभिन्न देशले आईएलओको उक्त अभिसन्धिलाई आधार बनाएर आ-आफ्नो देशमा न्यूनतम पारिश्रमिकलाई लिएर कानुन बनाउन थाले । औपचारिक रूपमा बेलायतले सन् १९९८ मा यसबारे कानुन बनाएर प्रक्रिया प्रारम्भ गऱ्यो । बेलायतमा यसको प्रत्येक एक वर्षमा समीक्षा र समयानुसार नयाँ वेतन लागू हुने गर्दछ । साथै, बेलायतमा मूलतः उमेरका आधारमा घण्टाका हिसाबले पारिश्रमिक तोक्ने प्रचलन रहिआएको छ । भारतले सन् १९४८ मा कानुन ल्यायो भने पछिल्लो समय केही परिमार्जित गर्दै लगेको देखिन्छ । भारतमा संघीय तथा प्रान्तीय सरकारहरूले न्यूनतम पारिश्रमिक तोक्ने प्रचलन छ । उच्च दक्ष, दक्ष, अर्धदक्ष र अदक्ष गरी चार आधारमा श्रमलाई वर्गीकरण गरेर सोका आधारमा न्यूनतम पारिश्रमिक तोकिने व्यवस्था रहिआएको छ । मूलतः कार्य प्रकृति छुट्याएर संघीयस्तरमा रहेको प्रतिष्ठानका श्रमिकका हकमा संघीय सरकारले र अन्यका हकमा प्रान्तीय सरकारले पारिश्रमिक तोक्ने गर्दछ ।

नेपालका हकमा औपचारिक रूपमा श्रमिकहरूको पारिश्रमिक व्यवस्थित गर्न श्रम मन्त्रालयले ११ पुस २०६७ मा श्रम ऐन २०४८ को दफा २१(२) बमोजिम न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन गऱ्यो । समितिमा सरकार, रोजगारदाता र ट्रेड युनियन रहेको त्रिपक्षीय समिति रहेको छ । उल्लेखित समितिले श्रमिक वा कर्मचारीका हकमा महँगी भत्ता र सुविधाको न्यूनतम पारिश्रमिक बारे सरकारलाई सिफारिस गर्ने र प्रचलित बजार मूल्यको स्थिति, मौद्रिक तथा सामाजिक परिवेश र प्रतिष्ठानले दिन सक्ने क्षमतालाई दृष्टिगत गरी पारिश्रमिक निर्धारण गर्नुपर्दछ । श्रमिकहरूको वार्षिक वृद्धिदर, महँगी भत्ता वा अन्य सुविधा निर्धारण गर्ने बारे विशेषज्ञहरूसँग रायसल्लाह र सरोकारवालहरूसँग घनीभूत छलफल गरी निर्धारण गर्नुपर्दछ । वर्तमान बजार अवस्थामा रहेको महँगी दृष्टिगत गरेर श्रमिकहरूको जीवनयापन गर्न पाउन सक्ने परिस्थितिलाई समेत अध्ययन गरेर पारिश्रमिक निर्धारण गरिनुपर्दछ ।परिमार्जित श्रम ऐन २०७४ मा समेत न्यूनतम पारिश्रमिक दुई-दुई वर्षमा समीक्षा गरेर त्रिपक्षीय समितिले सरकारलाई सिफारिस गर्ने स्पष्ट लेखिएको छ । वैशाखदेखि सो समिति क्रियाशील रहेर आर्थिक वर्षको साउन महिनाबाट लागू हुने गरेर तोक्ने भन्ने स्पष्ट ऐनमा व्यवस्था गरिएको छ । अत: हालको अवस्थामा गत २०८० वैशाखबाट त्रिपक्षीय समिति क्रियाशील भएर साउनबाट लागू हुने गरेर तोकिनुपर्ने हो तर हालसम्म नेपाल सरकार यसबारे बेखबर छ ।

वर्तमान अवस्थालाई मध्यनजर गरेर नयाँ तोकिने पारिश्रमिकका सन्दर्भमा रोजगारदाताको आफ्नै धारणा छ । तर, ट्रेड युनियनहरूको तर्क रहने गरेको छ- 'बजारको महँगीको अवस्थालाई हेर्दै श्रमिकहरूको जीवनयापन गर्न सक्ने अवस्थाको रहनुपर्दछ । यही आधारमा उपयुक्त मासिक तथा घण्टाको रकम तोक्नुपर्छ ।' उल्लेखित त्रिपक्षीय समितिले असार मसान्तभित्र नै न्यूनतम वेतनको सिफारिस गरेर साउनबाट लागू हुने गरेर नयाँ पारिश्रमिक तोकिसक्नुपर्ने हो । तर, सरकारको बेवास्ताले देशभरका श्रमिकहरू अन्योलमा परेका छन् । रोजगारदाता तथा ट्रेड युनियनहरूको आ-आफ्ना धारणा त्रिपक्षीय समितिमा हुन सक्दछन् तर सरकारले दुवै पक्षलाई समन्वय गरी असार मसान्तभित्र नै सहमतिका साथ नयाँ पारिश्रमिक तोकिसक्नुपर्ने हो ।

पछिल्लो पटकको पारिश्रमिक पनि त्रिपक्षीय समितिको अधिकारलाई कुण्ठित बनाउँदै सो समयको मई दिवसको अवसरमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले मात्र एक वर्षका लागि भनेर एकपक्षीय ढंगबाट घोषणा गरिदिनुभयो । उक्त निर्णयको तत्कालै सबै श्रमिक संगठनहरू समावेश रहेको संयुक्त ट्रेड युनियन समन्वय केन्द्रले आपत्ति जनायो । त्यतिबेला बजेटमा समेत कोरोनाकाल भनेर श्रमिकलाई कुनै सुविधा नजोडिकन रोजगारदातालाई बैंक ऋण लगायतमा केही सुविधा दिइएको थियो । अहिलेसम्म त्रिपक्षीय समितिबाट नै पारिश्रमिक तोकियोस् भनेर मूल प्रवाहमा रहेका ट्रेड युनियनहरूले शान्तिपूर्ण तबरले दबाबमूलक कार्यक्रम गर्दै आएका छन् । यसक्रममा औद्योगिक सम्बन्ध नखल्बल्याउन अधिकतम ध्यान दिइएको छ । मुलुकको सबैभन्दा जेठो ट्रेड युनियन महासंघ नेपाल ट्रेड युनियन कांग्रेसले असार मसान्तभित्रै श्रमिकहरूको न्यूनतम पारिश्रमिक २५ हजार तोकियोस् भनेर असार २७ गते प्रधानमन्त्री, श्रममन्त्री, श्रम सचिव लगायतलाई देशैभर रहेका श्रमिकका तर्फबाट एसएमएस पठाउने काम गऱ्यो । २८ गते सबै जिल्ला समितिहरूले प्रमुख जिल्ला अधिकारीहरू मार्फत श्रममन्त्रीलाई ज्ञापनपत्र बुझायो । २९ गते प्रदेश समिति मार्फत प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाउँदै केन्द्रका हकमा असार ३१ गते काठमाडौंमा बृहत् ऱ्याली प्रदर्शन तथा कोणसभा गर्दै श्रम मन्त्रीलाई ज्ञापनपत्र बुझायो । सोही दिन नेपाली कांग्रेसका महामन्त्री तथा सांसद विश्वप्रकाश शर्माले न्यूनतम पारिश्रमिकको सन्दर्भमा श्रमिकहरू सडकमा उत्रिसके भनेर यथाशीघ्र निर्णय गर्न सरकारलाई झकझक्याउँदै संसदमा सम्बोधन समेत गरे ।

सरकारलाई साउन १२ गते पुन: 'ढिला भइसक्यो, चाँडोभन्दा चाँडो त्रिपक्षीय समितिको बैठक बोलाउँदै समितिबाट तत्काल पारिश्रमिक निर्धारण गर' भनेर ट्रेड युनियन कांग्रेसले प्रेस मार्फत झक्झक्यायो । अहिले पनि दिनहुँ औद्योगिक करिडोरहरूमा शान्तिपूर्ण तवरले दबाबमूलक प्रदर्शनहरू भइरहेका छन् । ट्रेड युनियनहरूले ऐन कानुनमा भएका अधिकारका लागि समयमा नै सम्बोधन गरिदेऊ भन्दा वर्तमान सरकार किन चिरनिन्द्रामा छ, बुझ्न सकिएको छैन । विभिन्न कालखण्डमा श्रमिकका पक्षमा भएका सम्झौताहरू लागू गराउन पनि राज्य गम्भीर नरहेको कैयौं दृष्टान्त श्रमिकहरूमाझ रहेको तितो यथार्थ पनि छ । यो सबै समस्या नीति निर्माण तहमा श्रमिकहरूको प्रतिनिधित्व नहुनुको परिणाम पनि हो । कुनै पनि राजनीतिक दल श्रमिकलाई न त दलभित्रको संरचना, न राज्यको नीतिनिर्माण तहमा राख्न इच्छुक देखिन्छ, बरु गरिखाने भन्दा पनि उपल्लो वर्ग उनीहरूको प्राथमिकतामा पर्दै आएको छ । आफूले पाएको अधिकार समयमा नै सम्बोधन होस् भनिकन झापातिरका चिया बगानमा कार्यरत श्रमिक र औद्योगिक करिडोरमा रहेका कारखाना क्षेत्रका श्रमिकहरू आजपर्यन्त शान्तिपूर्ण तबरले आन्दोलित छन् र अब पनि त्रिपक्षीय समिति मार्फत सम्बोधन नगरिकन सरकारले ट्रेड युनियनहरूको अधिकारलाई कुण्ठित गरेर अघिल्लो पटक तत्कालीन केपी ओली सरकारले झैं एकांकी तवरले घोषणा गरेमा आफूलाई सर्वहारावादी तथा श्रमिकहरूको पक्षधर हौं भन्दै वकालत गर्नेहरूको दृष्टिकोण समेत स्पष्ट रूपमा श्रमिकमाझ झल्किनेछ । भदौबाट सबै प्रतिष्ठानहरू बन्द गर्ने भन्ने श्रमिकहरूको दृष्टिकोण स्पष्ट रूपमा आइसकेको छ । यस्तो अवस्थामा भोलि हालको सुमधुर औद्योगिक सम्बन्ध खलबलिन सक्दछ भन्ने ठानेर यथाशीघ्र सहमतिका साथ उचित न्यूनतम पारिश्रमिक घोषणा गर्नु वर्तमान सरकारको कुशलता ठहर्नेछ ।


*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रमाइलो यात्रा रहनेछ । चिताएको कामले तीव्रता लिनेछ । | **तुला** : धार्मिक काममा रुचि बढ्नेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |
| **वृष** : शुभारम्भको चर्चा चल्ने र विभिन्न अवसर आउनाले मन प्रसन्न रहनेछ । | **वृश्चिक** : समस्यामा अल्झिनु पर्नेछ, तर आफन्तबाट साथ र हौसला मिल्नेछ । |
| **मिथुन** : पारिवारिक सद्भाव बढ्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । | **धनु** : आफन्तबाट सहयोग मिल्नेछ । सामाजिक काममा सफलता पनि पाइनेछ। |
| **कर्कट** : प्रगतिले मन रमाउनेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । | **मकर** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । कार्यक्षेत्रमा प्रगति हुनेछ । |
| **सिंह** : नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइएला । | **कुम्भ** : दिन मध्यम खालको छ । काममा बिघ्नबाधा आउन सक्ने देखिन्छ। |
| **कन्या** : विद्या र बुद्धिको विकास हुनेछ। कार्य सम्पादनमा सहजता मिल्नेछ । | **मीन** : सामान हराउने भय छ । आफैंलाई सन्तुष्टि नमिल्ने देखिन्छ । |




# मेडिकल शिक्षा पढाउने २२८ शिक्षण संस्था बन्द

नेपाल-भारत सीमावर्ती क्षेत्रमा खुलेका मेडिकल कलेजहरूले अनुगमनका लागि भन्दै नेपाललाई पत्र पठाएका छन् । एचए, फार्मेसी, नर्सिङ लगायतका विषय पढाउने भन्दै हालसालै खुलेका कलेजहरूले अनुगमनको लागि नेपाललाई पत्र पठाएका हुन् । ती कलेजहरूमा सयौंको संख्यामा नेपाली विद्यार्थी पढ्दै आएका छन् । उनीहरूले पढिरहेको विषय, कोर्ष र प्रयोगात्मक अभ्यासको विषयमा अनुगमनका लागि आउन भन्दै नेपाल स्वास्थ्य व्यवसायी परिषद् (एनएचपीसी) लाई पत्र पठाएका हुन् । ती मेडिकल कलेजहरूले आफूले सम्बन्धन लिएका विश्वविद्यालयमार्फत् पत्र पठाएर अनुगमनको लागि आउन आग्रह गरेका हुन् ।



एनएचपीसीका रजिष्ट्रार लिलानाथ भण्डारीले भारतको पारूल विश्वविद्यालय र संगम विश्वविद्यालयले पत्राचार गरेको बताए । 'नेपाली विद्यार्थी हाम्रा शिक्षालयमा आएर एचए, फार्मेसी, नर्सिङ लगायतका विषय पढिरहेका छन् । भोलि नेपाल गएपछि एनएचपीसीबाट लाइसेन्स दिनुपर्छ । त्यसका लागि अनुगमन गरिदिन भनेर पत्र पठाएका छन् ।' भण्डारीले भने । संगम विश्वविद्यालयले ७ जुलाई २०२३ मा पत्र पठाएको थियो । परिषद्का रजिष्ट्रारलाई सम्बोधन गरी पठाइएको पत्रमा राजस्थानमा रहेको विश्वविद्यालयको अनुगमन गरिदिन अनुरोध गरिएको छ । फार्मेसी, नर्सिङ, डीएचए (डिप्लोमा इन हेल्थ एसिस्टेन्ट), हस्पिटल म्यानेजमेन्ट लगायतका विषय पढाउँदै आएको संगम विश्वविद्यालयले पत्रमार्फत् जानकारी दिएको छ । यतिसम्म कि डीएचए कोर्ष नेपालको सीटीईभीटी र एनएचपीसीबाट अनुमति प्राप्त गरेको भनिएको छ । तर, यो विषयमा सीटईभीटी र एचएचपीसीले कुनै प्रकारको अनुमति तथा सम्बन्धन नदिइएको प्रष्ट पारेका छन् । दुवै निकायमा दर्ता भएको हवाला दिँदै दुवै निकायलाई अनुगमनको लागि अनुरोध गरेको छ । र, अनुगमनमा आउँदा लाग्ने सम्पूर्ण खर्च विश्वविद्यालयले नै बेहोर्नेसमेत जनाएको छ । हालै पास भएका विद्यार्थीहरूलाई एनएचपीसीमा दर्ता गराईदिन समेत अनुरोध गरेको छ । यो पत्र प्राप्त भएपछि दुवै निकाय चकित परेका छन् । तपाईहरूबाटै दर्ता भएको भन्दै उनीहरूलाई नै अनुगमनको लागि आउन भनेपछि दुवै निकाय के गर्ने ? भन्नेमा भन्नेमा अलमलमा परेका छन् । संगमले पठाएको पाठ्यक्रममा नेपाली विषय समेत पढाई हुने उल्लेख गरेको छ । डीएचए तेस्रो वर्षको कोर्षमा १०० पूर्णाङ्कको नेपाली विषयसमेत राखिएको छ । त्यस्तै, पारूल विश्वविद्यालयले आफ्नो विश्वविद्यालयको इतिहासबारे जानकारी गराएको छ । पारूलमा २१ हजार विद्यार्थी पढ्ने क्षमता रहेको जनाएको छ । हाल २ हजार ६०० विभिन्न देशका विद्यार्थीहरू अध्ययनरत रहेको जनाएको छ । पारूलले डिप्लोमा इन पारामेडिकल एण्ड हेल्थ साइन्स, ल्याब टेक्निसियन, रेडियोग्राफी, कार्डियोलोजी जस्ता विषयमा पठनपाठन गराउँदै आएको जनाएको छ । पारूलले समेत नेपाली विद्यार्थीहरू अध्ययन गर्दै आएको र त्यसका लागि अनुगमनमा आउन भनेको हो । एनएचपीसीका रजिष्ट्रार भण्डारीले आफू ५ महिना पहिले रजिष्ट्रारमा नियुक्त भएर आएदेखि लाइसेन्स दिन भन्दै करिब २०० विद्यार्थी आएको बताए । 'म आउने वित्तिकै हेल्थ असिस्टेन्टमा इण्डियाबाट पढेको भन्दै सीटीईभीटीको इक्युभेलेन्ट लिन आएका थिए । मेरो पनि एचए नै बेस हो । हाम्रो पालामा भारतमा ६ महिना डाक्टरसँग काम गरेकोलाई एचए भनिन्थ्यो,' उनले भने, 'ओहो यो त बर्बाद हुन्छ । इण्डियाको एचए यस्तो हुन्छ भनेर मैले नै रोकेको हो ।' भारतका ४ वटा विश्वविद्यालयमा पढेर आएका विद्यार्थीहरू हेल्थ असिस्टेन्टको लाइसेन्स दिनुपर्‍यो भन्दै एनएचपीसीमा आएका थिए । भारतमा पढेको एचएबारे आफूले प्रश्न उठाएर लाइसेन्समा रोक लगाएको उनको भनाई छ । लाइसेन्स परीक्षामा रोक लगाएपछि विद्यार्थीहरूले विश्वविद्यालयबाटै पत्र लेख्न लगाएका थिए । 'ती विश्वविद्यालयको कोर्ष नेपालको सीटईभीटीको हुबहु छ । नेपाली र नेपाल परिचय समेत पढाइरहेका छन् । नेपालको भन्दा कमजोर पाठ्यक्रम छैन भनेर पाठ्यक्रम नै लिएर आएका थिए । तपाईहरू आएर हेरिदिनुपर्‍यो भनेर भने ।' उनले बताए । ती कलेजमा पढेर आएका विद्यार्थी नेपाली बजारमा आइसकेको अवस्थामा के कस्तो रहेछ भनेर सम्बन्धित विषयको विज्ञ सम्मिलित विज्ञ टोली गठन गरिएको छ । तर, एनएचपीसीको अध्यक्ष पद रिक्त रहेकाले बोर्डले निर्णय गर्न सकेको छैन । जसले गर्दा अनुगमनको लागि जान नसकिएको र विद्यार्थीलाई लाइसेन्स परीक्षा दिन नसकिएको बताए । सन् २०१८/०१९ ब्याचका विद्यार्थी यतिबेला नेपालमा लाइसेन्सका लागि धाइरहेका छन् । तर, परिषद्ले लाइसेन्सको परीक्षा रोकेर राखेको छ । सीमा नाकामा खुलेका यस्ता कलेजबाट विद्यार्थीहरू नेपालमा गरिएको विज्ञापनको आधारमा पढ्न गएका थिए । नेपालको सीटीईभीटीको कोर्ष नै उता लगेर पढाईरहेका छन् । त्यसमा पनि सीमा क्षेत्र नेपालवारी धमाधम विज्ञापन गरिरहेका छन् । जनकपुर, सिरहा, विराटनगर लगायतका क्षेत्रमा कार्यालय नै खोलेर ती कलेजमा पढ्न विद्यार्थीहरूलाई प्रेरित गर्दै आएका छन् । विज्ञापन गर्दा एनएचपीसीबाट, सीटीईभीटी मान्यता प्राप्त भनेर उल्लेख गरिरहेका छन् । तर, दुवै निकायले कसैलाई पनि मान्यता नदिएको प्रष्ट पारेका छन् । गैरकानूनी कार्य हुँदासमेत सरोकारवाला निकाय मुकदर्शक बनिरहेका छन् । उनीहरूलाई कारवाही गर्न समस्या भइरहेको रजिष्ट्रार भण्डारीले बताए ।

**नेपालमा बन्द: भारतमा खुले**

राष्ट्रिय चिकित्सा शिक्षा ऐनका कारण नेपालमा मेडिकल शिक्षा पढाउने २२८ शिक्षण संस्था बन्द भएका छन् । जसमा सीटीईभीटी अन्तर्गतका प्रिडिप्लोमा तहका स्वास्थ्य विषयका १३७ वटा र स्टाफ नर्स ७३ वटा, विश्वविद्यालय अन्तर्गतका स्नातक तहका बिएन १० र बिएस्सी नर्सिङ ८ वटा शिक्षण संस्था बन्द भएका छन् । नेपालमा धमाधम शिक्षण संस्था बन्द हुँदा भारतीय सीमा नाकामा भने धमाधम मेडिकल कलेज तथा शिक्षालय खुलिरहेका छन् । पछिल्लो समय सीमावर्ती क्षेत्रमा मात्र १५७ वटा नर्सिङ कलेज खुलेका छन्, जसले नेपाली विद्यार्थी लक्षित गरेर खोलिएको मेडिकल शिक्षा व्यवसायीहरू बताउँछन् । स्वास्थ्य तथा प्रविधि विज्ञान मञ्चका महासचिव निर्मल सापकोटाले आयोगका कारण नेपाली शिक्षण संस्था बन्द हुँदै गएको बताए । नेपालमा शिक्षण संस्था बन्द गराउने उद्देश्यले नै ठूलै गिरोह सक्रिय रहेको उनको भनाई छ । नेपालमा मेडिकल विषय पढाई हुने शिक्षण संस्था बन्द हुँदै गएपछि स्वभाविक रूपमा नेपाली विद्यार्थीहरू बाहिर जाने उनको भनाई छ । सीटीईभीटी र एनएचपीसीबाट मान्यता प्राप्त भन्दै खुल्लमखुल्ला विज्ञापन गर्दै आउँदा उनीहरूलाई किन कानूनी दायरमा ल्याउन नसकिएको ? भन्दै उनले प्रश्न गरे ।

*-रातोपाटी डटकम*

# सामुदायिक विद्यालयमा शैक्षिक सुधारको योजना बनाइँदै

मालारानी गाउँपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्ने भएको छ । गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयका प्रधानाध्यापक, पालिकाका कर्मचारी एवं जनप्रतिनिधि बीच अन्तरसंवाद सम्पन्न गरिएको छ । पालिकाभित्र रहेका सामुदायिक विद्यालयको समस्या तथा विद्यालयले गर्नुपर्ने कार्य र पालिकाले खेल्नुपर्ने भूमिकाका विषयमा अन्तरसंवाद भएको गाउँपालिकाका अध्यक्ष दलबहादुर भट्टराईले बताए ।

"विद्यालयको अवस्थाका बारेमा जानकारीसँगै आगामी दिनको कार्ययोजनासमेत निर्माण गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नियमितरुपमा छलफल गर्नेगरी प्रधानाध्यापकसँग बैठक सम्पन्न गरेका छौं", उनले भने । वडास्तरमा रहेको शिक्षा समितिले कार्यतालिका नै बनाएर काम गर्नेगरी निर्णय भएको पालिकाका सामाजिक विकास समितिका संयोजक तिलक मिश्रले बताए । उनले भने, "कक्षा ५ को उपलब्धि परीक्षण भदौको पहिलो हप्ताभित्र गर्ने, वडा शिक्षा समितिले केन्द्र निर्धारण र परीक्षा व्यवस्थापन गर्ने, प्रश्नपत्र कार्यालयले निर्माण गर्ने र विद्यालयको प्रथम त्रैमासिक परीक्षाको नतिजा विश्लेषण गर्ने, प्रधानाध्यापकको बैठक र अभिभावकबीच अन्तर्क्रिया कार्यक्रम भदौको पहिलो हप्ताभित्र वडा शिक्षा समितिले गर्नेगरी निर्णय भएको छ ।" पालिकाभित्रबाट एसइई परीक्षाको नतिजाको समेत समीक्षा गरी आगामी दिनमा नतिजा राम्रो बनाउन सरोकारवालाको भूमिकाका विषयमा छलफलसँगै कार्ययोजना निर्माण भएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेश भुसालले जानकारी दिए । उनले भने, "यसपटक गाउँपालिकाका १४ विद्यालयबाट एसइई परीक्षामा पाँच सय ५४ विद्यार्थी सहभागी भएकामा प्राप्त भएको नतिजाको विश्लेषण गरी आगामी दिनमा सुधारका योजनासमेत अगाडि बढाउनुका साथै प्रधानाध्यापकलाई विद्यालयको शैक्षिक, प्रशासकीय र व्यवस्थापकीय कार्यकुशलता प्रदर्शन गर्न उत्प्रेरित गरेका छौं ।" पालिकाले स्थानीय पाठ्यक्रमको स्रोत सामग्री निर्माण गर्नका लागि कार्यदलसमेत निर्माण गरेको पालिकाका शिक्षा अधिकृत रमेश पन्थीले बताए । *-रासस*

# शिक्षाको लगानी बालुवामा पानी

**प्रा. देवीभक्त ढकाल :**

शिक्षामा लगानी किन गर्ने ? यो प्रश्न अप्रासंगिक पनि लाग्न सक्छ । यसभन्दा पहिल्यै अर्को प्रश्न गर्न वाञ्छनीय हुन्छ । शिक्षा के हो ? शिक्षा समाज उपयोगी ज्ञान, सीप, अनुभव, विज्ञता, विशेषज्ञता तथा दूरदर्शिता प्राप्त गर्ने अभ्यासको अमूल्य स्रोत हो । शिक्षा ज्ञान प्राप्तिको आधार हो । मानिसले मानिसका लागि आविष्कार गरेको बेजोड उपलब्धि हो । शिक्षाले व्यक्तिको मन, मस्तिष्क र व्यक्तित्व विकासमा अहं भूमिका खेल्छ । शिक्षाले व्यक्ति स्वयंलाई चिन्न र जान्नमात्रै सक्षम बनाउँदैन उसको पारिवारिक, सामाजिक, राष्ट्रिय साथै अन्तर्राष्ट्रिय भूमिका र कर्तव्यलाई सधैं सम्झाउँछ ।

सचेतना, विवेक, अनुशासन र इमानदारी शिक्षाले दिने अमूल्य उपहारहरू हुन् । शिक्षाले ज्ञान दिन्छ । ज्ञानले व्यक्तिलाई आफ्नो आसपास, समाज, राष्ट्र र विश्व परिस्थितिलाई बुझ्न, जान्न, सकारात्मक परिवर्तन गर्न र समस्याको समाधानका उपाय खोज्न विशेष क्षमतावान बनाउँछ । शिक्षा केबल शैक्षिक विषयहरूको अध्ययन तथा अनुसन्धानमा सीमित नभएर यसले विभिन्न प्रकारको सीप, गुण र दक्षतालाई अभिवृद्धि गर्छ । शिक्षाको माध्यमले व्यक्ति विविध क्षेत्रमा ज्ञानको गहिराइसम्म पुग्छ । परिणामस्वरूप ज्ञानी व्यक्तिले दुनियाँको विषयमा जान्ने, बुझ्ने, बुझाउने र वर्तमानलाई सुधार गर्ने अनन्त सम्भावना तथा क्षमता राख्छ । शिक्षाको माध्यमले विभिन्न क्षेत्रमा कुशलता, दक्षता, विशेषज्ञता र योग्यताको विकास गर्छ । परिणामस्वरूप अध्ययन र पेशाका क्षेत्रमा ऊ सफल र सम्मानित हुन्छ । शिक्षा व्यक्ति स्वयं र समाजलाई खुशी, सुखी बनाउने अस्त्र हो । 'विद्वान् सर्वत्र पुज्यते' त्यसै भनिएको होइन ।

शिक्षाले व्यक्तिको विचारशक्ति र चिन्तनशक्तिलाई विकसित गर्छ । व्यक्तिलाई आचार्यता, नैतिकता, दायित्वपूर्ण व्यवहार गर्न, इमानदार हुन, नैतिक साथै चारित्रवान हुन प्रेरित गर्छ । सामाजिक सद्भाव, समरसता र सहयोगको भावना अभिवृद्धि गर्न शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षित व्यक्तिमा एकअर्कोसँग समझदारी, आत्मीयता विकसित गर्ने क्षमता हुन्छ । समाजको प्रगति, उन्नति, विकास र समृद्धिमा यथेष्ट शिक्षाले व्यक्तिलाई उपयोगी बनाउँछ । समाजका प्रतिशिक्षित व्यक्तिको जिम्मेवारी र दायित्व के ? यो कोणबाट शिक्षा प्रणालीको मूल्यांकन समाजले निरपेक्ष गर्नुपर्छ । शिक्षित व्यक्तिले समाजमा सकारात्मक परिवर्तनको अभियन्ताको रूपमा जिम्मेवारी निर्बाह गर्न यदि सक्दैन भने त्यो शिक्षा प्रणाली किमार्थ सफल मानिँदैन । शिक्षित व्यक्ति आफू सक्षम र योग्य हुँदै गर्दा समाजलाई पनि कसरी सक्षम र समृद्ध बनाउने भन्ने हुट्हुटी ऊभित्र उत्पन्न हुन्छ । समाज उत्थानमा हुट्हुटी उत्पन्न नगर्ने शिक्षालाई के शिक्षा भन्ने ? असल शिक्षा पद्धतिले व्यक्तिलाई स्वयंको प्रगतिमा मात्रै केन्द्रीकृत नगरेर समग्र समाज, देश र विश्वको प्रगतिमा कसरी सहयोगी बन्ने भावनाको अभिवृद्धि गर्छ । ज्ञान-सीपलाई साझा गर्न प्रचारप्रसारको दायित्वलाई इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ नै शिक्षित व्यक्तिको वास्तवमा समाज विकासको आधार हो । शिक्षा, स्वास्थ, सामाजिक कल्याण अनुसन्धान, आविष्कार जस्ता अनेकन क्षेत्रहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने दायित्व शिक्षित व्यक्तिको हुन्छ । समाजको धर्म(संस्कृति, सभ्यता, परम्परा, रीतिरिवाज, प्रचलन आदिको संरक्षण र प्रबर्द्धनको दायित्वलाई पूरा गर्ने शिक्षित व्यक्तिको आवश्यकता हुन्छ । जीवन र कार्यशैली सम्पूर्ण समाजका लागि अनुकरणीय र उत्प्रेरक काम शिक्षित व्यक्तिबाट असहाय, गरिबहरू, बालबालिका, वृद्धवृद्धाका क्षेत्रसँग यथेष्ट योगदान गर्नुपर्छ । समाजमा शान्ति, सद्भावनाको अभिवृद्धि गर्ने दायित्व र जिम्मेवारीबाट शिक्षित व्यक्ति पन्छियो भने उसले प्राप्त गरेको शिक्षामात्रै होइन उसको समग्र जीवन नै निरर्थक हुन्छ । शिक्षाको मुख्य काम समाजलाई जागरुक बनाउने र चेतना भर्ने हो । चेतनासमेतको जागरुक व्यक्ति समाजको मात्रै होइन राष्ट्रकै प्रगति र उन्नतिलाई निमन्त्रणा गर्ने दरिलो सूत्र हो । समग्रमा शिक्षित जनशक्तिले देशमा साधन के(के छन् ? ती साधनलाई विकसित प्रविधिका माध्यमले उच्चतम् परिचालन गर्ने र जनताको जीवनस्तरलाई उच्च पार्ने हैसियत राख्नुपर्छ । व्यक्तिले प्राप्त गरेको शैक्षिक प्रमाणपत्रले मात्रै व्यक्तिलाई शिक्षित भन्न सकिँदैन । व्यक्तिले प्राप्त गरेको शिक्षाले समाजले के पायो ? शिक्षामा योजनाबद्ध लगानीको सुरुवात भएको पनि अब पौने शताब्दी नाघ्यो । के अहिलेसम्मको लगानीको प्रतिफल मूल्यांकन र त्यसको विश्लेषण गर्ने काम हामीले गरेका छौं ? लगानी र प्रतिफलको लेखाजोखा नै नगरिकन गरिने लगानीलाई अब दुरुपयोग किन नभन्ने ? शिक्षाको राष्ट्रिय नीति हुन्छ । त्यस नीतिको पक्षमा भन्दा कतै विपक्षमा त हामीले लगानी गरेका छैनौं ? देशलाई आत्मनिर्भर बनाउन भएको शिक्षाको लगानीले हामीलाई परनिर्भर बनाएको तीतो सत्यलाई जिम्मेवारहरूले कहिले आत्मसात गर्ने ? हाम्रो शिक्षा के हाम्रा साधनस्रोतको उच्चतम परिचालन गर्न र जनताको जीवनस्तरलाई उकास्न सहयोगी प्रमाणित भएको छ ? किमार्थ छैन । त्यसैले हाम्रो शिक्षा प्रणाली देश र नागरिकको भरोसा नभएर धोखा भएको छ । हामीले स्कुल र कलेजमा गरेको लगानीबाट उत्पादित जनशक्ति कति देशभित्र कार्यरत छन् ? गरिबको गाँस काटेर लिएको करबाट भएको लगानीले युरोप, अमेरिका, अष्ट्रेलिया र जापानजस्ता देशहरूले सित्तैमा जनशक्ति पाएका छन् । हामी हाम्रो दुर्लभ मुद्रा विदेशीका लागि आवश्यक पर्ने जनशक्ति उत्पादनमा किन लगानी गर्दैछौं ? अहिले कक्षा एघार र बाह्रमा पढ्ने विद्यार्थीलाई तिमीहरूले किन पढेको भनेर सोध्यो भने उनीहरूको सोझो उत्तर हुन्छ अमेरिका, अष्ट्रेलिया र युरोप जान पढेको भनेर । म मेरो देशको विकास गर्छु । देशमै रोजगारीको सम्भावना खोज्छु । रोजगारी वृद्धि गर्ने उपाय खोज्छु भन्ने जनशक्ति उत्पादन शिक्षाले गरेन भने यस्तो अर्राष्ट्रिय चिन्तन र दृष्टिकोण बोकेको शिक्षामा भएको लगानीलाई किन दुरुपयोग नभन्ने ? त्यसपछि विश्वविद्यालयमा पढ्नेहरू सबैजसो पढ्दा-पढ्दै विदेशिन कसरी सकिन्छ र पाइन्छ भन्ने सोचले ग्रसित छन् । राम्रो शैक्षिक योग्यता हुनेहरूमध्ये अधिकांश विदेशिन्छन् । युरोप, अमेरिका र अष्ट्रेलिया जानेहरू त फर्कंदैनन् । उतै बसोवास गर्न घर किन्नलाई यहाँको पैत्रिक सम्पत्तिसमेत विदेशिने रोगप्रति सरकार किन नियन्त्रण गर्दैन ? उल्टै विदेशिन प्रोत्साहित गर्छ ? राजनीतिज्ञहरूको पनि उनीहरूलाई विदेशिन उत्प्रेरित गर्ने स्वार्थ छ । देशमा योग्य र जागरुक युवा सबै देशभित्रै बसे भने यहाँको राजनीतिक, सामाजिक विकृतिहरूका विरुद्ध जबर्जस्त आवाज उठ्छ । त्यस आवाजले उनीहरूलाई निश्चितरूपमा राजनीतिबाट विस्थापित मात्रै गर्दैन कि भ्रष्टाचारको अभियोगमा जेल पनि हाल्न सक्छ । उनीहरूले विगतमा गरेको भ्रष्टाचारको र अनियमितताको छानविनको सुरुवात हुने बित्तिकै जेल जानुपर्छ । त्यस सम्भावनालाई पन्छाउन राजनीतिज्ञहरू जनशक्ति विदेश पठाउन सहजकर्ताको भूमिका खेल्छन् । अर्को आश्चर्य के छ भने छोराछोरी विदेशी नागरिक हुँदा यता बाबुआमा हर्ष मनाउँछन् । राजनेताहरू आफ्नै छोरा विदेशी नागरिक बन्दा गर्व गर्छन् । यस्तो अर्राष्ट्रिय सोच हुनेहरूलाई राजनीति र विकासको जिम्मा दिने हाम्रो सोचप्रति जति धिक्कार्दा पनि कम हुन्छ । यहाँको अव्यवस्थाको दबाब र विदेशको सुव्यवस्थाको प्रभावले होनहारमध्येका अधिकांश जनशक्ति विदेशतिर भासिएका छन् । यो परिस्थिति देशको सुदूर भविष्यका लागि दुर्भाग्य हो । यो दुर्भाग्यलाई सौभाग्य ठान्ने वर्तमान राजनीतिका हस्तीहरूको नेतृत्व देशमा जति रहन्छ त्यति नै उनीहरूले होनहार युवालाई विदेशिन उत्प्रेरित गर्छन् । युवालाई विदेश जान उत्प्रेरित गर्ने मुख्य कारण अनियमितता र भ्रष्टाचार हुन् । भ्रष्टाचार र अनियमिततालाई राजनीतिको मुख्य गन्तव्य ठान्ने अहिले दृश्यमा देखिएका राजनीति कर्मीहरूलाई राजनीतिबाट विस्थापित गर्ने र नैतिकता, चरित्र, सदाचार, जनताप्रति आस्था विश्वास र समर्पण भएको नेतृत्वलाई स्थापित गर्नु नै समस्याको समाधान हुनसक्छ । हामीले धेरैपटक राजनीतिक पद्धतिलाई फेर्‍यौं तर प्रवृत्ति फेर्न सकेनौं । त्यसैले देशको अवस्था पनि फेरिएन ।

शिक्षाले इमानदार, चरित्रवान र राष्ट्रवादी राजनेता उत्पादन गर्न सकेन । इमानदार, देशभक्त प्रशासक, शिक्षक, प्राध्यापक, न्यायाधीश, व्यापारी, उद्योगपति उत्पादन गर्न सकेन । यसकै परिणाम र परिणति हो देशमा मडारिएको भ्रष्टाचार, नातावाद, अराजकता, विधिविहीनता र भद्रगोल । यस्तो भएपछि देश कसरी बन्छ ? सबैलाई अनुशासित, नैतिवान, चरित्रवान इमानदार, जिम्मेवार बनाउने मुख्य सूत्र नागरिकले पाउने शिक्षा हो । वर्तमान शिक्षा प्रणालीमा गीता र पुराणहरू समावेश नहुनु नै कमजोरीका कारण हुन् ? गीता, भागवत, पुराणहरू पाठ्यक्रममा समावेश गर्दामात्रै देशको राजनीति र प्रशासनिक व्यवस्थालाई लयमा फर्काउन सकिन्छ । विकृतिको कारण हाम्रो चरित्र, नैतिकता र इमानदारीको स्खलनप्रति बेवास्ता गर्ने शिक्षा प्रणाली हो । गर्भधारणदेखि १२ कक्षा पास गर्दा देशले पालनपोषण, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा गरेको लगानीका प्रतिमूर्ति सधैंका लागि पलायन हुनु भनेको शिक्षामा मात्रै होइन तिनीहरूलाई गरेको पालनपोषण, स्वास्थ्य शिक्षा आदिको लगानी देशका लागि बालुवामा पानी भएन ? नेपालजस्तो गरिब देशले अमीर देशहरूका लागि सित्तैमा सदाका लागि पलायन हुने जनशक्ति किन उत्पादन गर्ने ? हामीले सित्तैमा नागरिकमात्रै निर्यात गरेका छैनौं माया, अपनत्व निर्यात गरेर देशलाई कंगाल र तिनका अभिभावकलाई बुढेसकालमा असहाय बनाएका छौं । देशलाई कंगाल र अधिकांश अभिभावकलाई बेसाहारा बनाउने दुर्भाग्य आफैंले किन निम्ता गर्दैछौं ? यस विषयमा पुनर्विचार कहिले हुने ? जहाँ राजनीति बिग्रन्छ त्यहाँ सबैकुरा बिग्रन्छ भन्ने कुराको प्रमाण हो विद्यार्थी विदेश पलायन हुने अवस्था । के हामीले शिक्षामा पुनर्विचार गर्नुपर्दैन ? हाम्रा विश्वविद्यालयमै अध्ययन हुने विषयमा विदेश पढ्न जाने अनुमति किन दिने ? यदि हाम्रो विश्वविद्यालयहरूको पढ्नपाठन गुणस्तरीय छैन भने गुणस्तरीय बनाउन लगानी गरौं । विदेश अध्ययनका नाममा हुने लगानी नभएर देशका लागि घाटा हो । यीमध्ये प्राय: विद्यार्थीले नेपाली नागरिकता समेत त्याग्छन् । त्यतिमात्र होइन पछि नेपालमा उनीहरूको अंश भागमा पर्ने सम्पत्तिसमेत बाहिरिने गर्छ । नागरिकलाई सक्षम बनाउनुभनेको राज्य सक्षम हुनु हो तर हाम्रो शिक्षाले बिनालगानी विकसित देशहरूले जनशक्ति उपयोग गर्न पाउने विषयले हामीले हाम्रै खुट्टामा बञ्चरो हानेको विषयमा हामी कहिलेसम्म चेतनाशून्य बन्ने ? विदेशिनेलाई दिएको शिक्षालगायत अन्य खर्च देशका लागि बालुवामा पानी भएको छ । अब यसलाई किन नरोक्ने ?

*-अनलाइन खबर डटकम*

# भारतबाट पाल्पाकी एक बालिकासहित सात बालबालिकाको उद्धार



**रुपन्देही**, साउन २८/भारतबाट पाल्पाकी एक बालिकासहित सात जना बालबालिकाको उद्दार गरिएको छ । मानव बेचबिखनविरूद्ध सक्रिय सामाजिक संस्था केआइएन इन्डियाले भारतका विभिन्न स्थानबाट सात बालबालिकाहरूलाई उद्दार गरेको हो ।

पाल्पाकी १६ वर्षीया बालिकालाई लागूऔषध प्रयोगकर्ताले सीमा नाकामा भएको चेकजाँचमा बुहारी भनेर भुक्याएर भारत पुर्‍याएका थिए । ती बालिकालाई रेलवे स्टेशनबाट उद्धार गरिएको हो । उनी जस्तै नेपालका विभिन्न जिल्लाबाट चार बालक र दुई बालिकालाई भारत पुर्‍याइएको थियो । केआइएन इन्डियाले भारतका विभिन्न स्थानबाट उद्धार गरिएका उनीहरुलाई सुनौली नाका हुँदै शनिबार स्वदेश फिर्ता गराएको छ । उसले दार्चुलाकी १५ वर्षीया, पर्साकी १६ वर्षीया बालिका तथा रौतहटका १३ वर्षीय दुई बालक, महोत्तरी र अर्घाखाँचीका १६ वर्षीय बालकको उद्धार गरेको हो । ती बालबालिका विभिन्न बाहना तथा प्रलोभनमा भारत पुर्‍याइएको थियो । १ देखि ६ महिनाको अवधिमा हराएका बालबालिकालाई भारतीय प्रहरीको सहयोगमा विभिन्न स्थानबाट उद्धार गरिएको हो ।

बालबालिकाको उद्धार र स्वदेशफिर्तीमा प्रत्यक्ष संलग्न संस्था केआइएनका निर्देशक नवीन जोशीका अनुसार ती बालबालिकामध्ये तीनजना बालकको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव मीना पौडेल र जिल्ला प्रहरी कार्यालय रूपन्देहीको रोहबरमा पारिवारिक पुन:मिलन गराइएको छ । एक बालकलाई बालबालिका खोजतलास केन्द्रमा राखिएको छ । तीन बालिकालाई रुपन्देहीको एक आवास गृहमा राखिएको छ ।

# एकीकृत समाजवादी पाल्पाको अध्यक्षमा शाही

**पाल्पा,** साउन २८/नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) पाल्पाको अध्यक्षमा अशोककुमार शाही चयन भएका छन् । पार्टी सचिवालयको विस्तारित बैठकले यस अघि रिक्त रहेको अध्यक्ष पदमा शाहीलाई चयन गरेको हो ।



अध्यक्ष कमलप्रसाद पाण्डेयको गत असार २२ गते हृदयघातबाट निधन भएको थियो । पाण्डेको निधनभएसँगै उक्त पद रिक्त रहेको हो । अध्यक्षमा चयन भएका शाही यस अघि नेकपा एमालेबाट निर्वाचित तानसेन नगरपालिकाका पूर्व नगरप्रमुख हुन् । उनी पार्टी विभाजनपछि नेकपा एसमा आएका थिए । उनलाई पार्टीले केन्द्रीय कमिटि सदस्यको जिम्मेवारी दिएको थियो । रिक्त पदमा सँगै समाजवादीले अन्य पदमा समेत हेरफेर गरेको छ । उसले उपाध्यक्षमा मोहनलाल गैरे, महिला उपाध्यक्षमा विनिता लुइँटेल, सचिवमा जगन्नाथ नेपाल, उप-सचिवमा कमल सेन, उप-सचिवमा कमल रायमाझीलाई सर्वसम्मत चयन गरेको समाजवादी प्रेस संगठनका जिल्ला अध्यक्ष पदम गैरेले जानकारी दिए । पार्टीका पोलिटव्युरो सदस्य तथा लुम्बिनी प्रदेश अध्यक्ष सोमप्रसाद पाण्डेको प्रमुख आतिथ्यतामा बसेको सचिवालय बैठकले रिक्त पदहरु पूर्ति गरेको हो । रिक्त पदपूर्ति गरेसँगै पाण्डेले पार्टीलाई बलियो र मजबुद बनाए जाने दिशामा सबै एक जुट भएर लाग्न आग्रह गरेका छन् । उनले संगठन विस्तार गर्दै जनताको पक्षमा काम गर्नु अहिलेको आश्यकता रहेको बताए ।

# स्मार्ट कृषिले किसानलाई...

...किसानले उत्पादन गरेको तरकारी बिक्रीका लागि पनि कुनै समस्या नभएको उनको भनाइ छ । बजार नजिक भएकाले पनि उत्पादित तरकारी सन्धिखर्क र चुत्राबेँसीमा बिक्री हुने गरेको किसानको भनाइ छ । आधुनिक प्रविधिको प्रयोग गरी तरकारी खेती गर्दा उत्पादनमा वृद्धि भएको र समयको पनि बचत भएको किसान दीपक नेपालीले बताए ।

उत्पादित वस्तु स्थानीय बजारमानै खपत भएको र बढी भएमा छिमेकी आसपासका जिल्लामा बिक्री वितरण भएको जानकारी दिए । आधुनिक प्रविधिबाट किसानलाई व्यावसायिक बनाउन र कम लागतमा बढी उत्पादन गरी आयआर्जन वृद्धि गर्ने उद्देश्यले स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन भएको कृषि ज्ञान केन्द्रका प्रमुख बुद्धिराज घिमिरेले बताए । जसका कारण कृषकहरु व्यावसायिक बनेर राम्रो उत्पादन गरेको बताउँदै किसानको आयआर्जनमा समेत वृद्धि भएको जानकारी दिए । -रासस

## खेलकुद समाचार

### क्रिकेटमा पनि 'रेड कार्ड'



**काठमाडौं**, साउन २८/अब फुटबलमा जस्तै क्रिकेटमा पनि 'रेड कार्ड' को प्रयोग हुने भएको छ । वेस्ट इन्डिजको क्यारेबियन प्रिमियर लिग (सीपीएल) २०२३ मा रेड कार्डको नयाँ नियम आउने भएको हो ।

सीपीएलको पुरुष तथा महिला दुवै प्रतियोगितामा 'रेड कार्ड' को प्रयोग गरिने समाचारमा जनाइएको छ । यदि कुनै टिमले तोकिएको समयभित्र आफ्नो कोटाको २० ओभर पूरा नगरेमा 'स्लो ओभर रेट' अन्तर्गत यो नियम लागू हुने भएको छ । आउँदो बिहीवारदेखि शुरु हुने प्रतियोगितामा यो नियम पहिलो पटक प्रयोग हुन लागेको हो । सीपीएलका प्रतियोगिता सञ्चालन निर्देशक माइकल हलले पछिल्लो समय टी-२० क्रिकेटको समय बढ्दै गएकाले त्यसलाई नियन्त्रण गर्न 'रेड कार्ड'को नियम लागू गरिएको बताए । सीपीएल आयोजकको नियमअनुसार १८ औं ओभरको खेल शुरु हुनुभन्दा अगाडि 'स्लो ओभर रेट' देखिएका फिल्डिङ टोलीको एक अतिरिक्त खेलाडीलाई ३० यार्डको घेरामा बोलाइनेछ । यसो हुँदा ३० यार्डभित्र ५ जना खेलाडी हुनेछन् । यसैगरी १९ औं ओभरको खेल शुरु हुनुभन्दा अगाडि 'स्लो ओभर रेट' देखिएमा फिल्डिङ टोलीको २ अतिरिक्त खेलाडीलाई ३० यार्डको घेरामा बोलाइनेछ । यसो हुँदा ३० यार्डभित्र ६ जना खेलाडी हुनेछन् । यसैगरी २० औं ओभरको खेल शुरु हुनुभन्दा अगाडि 'स्लो ओभर रेट' देखिएमा फिल्डिङ टोलीको १ जना खेलाडीलाई मैदान बाहिर पठाइनेछ । बाहिर को खेलाडी जाने भन्ने कप्तानले चुन्नेछन् । यस्तै सर्कलभित्र ६ जना खेलाडी रहनेछन् । खेल सधैँ फिल्डिङ गर्ने टिमका कारण मात्रै लम्बिँदैन । कहिलेकाहीँ ब्याटिङ गर्ने टिमका कारण पनि खेल लम्बिने गर्छ । यस्तो अवस्थामा अम्पायरले पहिलो तथा अन्तिम चेतावनीपछि ब्याटिङ गर्ने टिमले बदमासी गरेको पाएमा जरिवाना स्वरूप ५ रन घटाउने छन् । कुनै पनि टी-२० खेलमा एक पारी ८५ मिनेटको हुन्छ । नियमअनुसार १७ औं ओभर ७२ मिनेट १५ सेकेन्ड, १८ औं ओभर ७६ मिनेट ३० सेकेन्ड, १९ औं ओभर ८० मिनेट ४५ सेकेन्ड र २० औं ओभर ८५ मिनेटभित्र पूरा हुनुपर्छ ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# कारोबारको पहिलो दिन १४ अंकले बढ्यो नेप्से



**पाल्पा**, साउन २८/साताको कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १४ अंकले बढेको छ । आइतबार भएको शेयर कारोबारमा १४ दशमलव ८१ अंकले नेप्से परिसूचक बढेको हो ।

नेप्से बढेसँगै दुई हजार ८० दशमलव ८६ अंक कायम भएको छ । उक्त समयमा दुई सय ७१ कम्पनीको ९७ लाख १८ हजार सात सय ५४ कित्ता शेयर ९५ हजार नौ सय ६५ पटक खरिदबिक्री हुँदा तीन अर्ब एक करोड ८४ लाख ६० हजार पाँच सय १२ बराबरको कारोबार भएको छ । वित्त, उत्पादन तथा प्रशोधन लघुवित्त र अन्य समूहका उपसूचक क्रमश: एक दशमलव ३०, १० दशमलव ३४, १३ दशमलव ५५ र शून्य दशमलव १८ अंकले घटेका छन् भने बाँकी सबै समूहका उपसूचक बढेका छन् । सबैभन्दा धेरै निर्जीवन बीमा समूह दुई सय ४१ दशमलव ५७ र होटल तथा पर्यटन समूह एक सय सात दशमलव ५० अंकले बढेका छन् ।

त्यस्तै, बैंकिङ १३ दशमलव ६१, विकास बैंक २१ दशमलव ३०, जलविद्युत १८ दशमलव ५१, लगानी शून्य दशमलव ३०, जीवन बीमा ५८ दशमलव १३ र व्यापार समूह शून्य दशमलव ०८ अंकले बढेका छन् । श्रीस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने घोराही सिमेन्ट इन्डस्ट्री लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा अ सबैभन्दा धेरै नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड प्रमोटर शेयर ५८ करोड ४५ लाख ६१ हजार चार सय बराबरको १९ लाख ४८ हजार पाँच सय ३८ कित्ता किनबेच भएको छ । अभियान लघुवित्तको मूल्य ७ प्रतिशत घट्यो भने सिंगटी हाइड्रोको ६.५५ प्रतिशत घट्यो । नेपाल इन्स्योरेन्स कम्पनी (संस्थापक), घोराही सिमेन्ट, सोल्टी होटल, माउन्टेन इनर्जी र आईएमई लाइफ इन्स्योरेन्स कारोबार रकमका आधारमा क्रमश: अगाडि रहे ।


## शिक्षक आवश्यकता

दोस्रो प्रकाशित मिति : २०८०/०४/२९

यस मोहनकल्या माध्यमिक विद्यालय तानसेन-४, पाल्पा विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०४/२८ गतेको बैठक निर्णय एवम शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०८०/०३/०६ को च.न. २०२१ प.स. ०७९/०८० को अनुमति पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह (कक्षा ११-१२) लेखा विषयमा शिक्षक करारमा नियुक्ती गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

**विज्ञापन नं.** : ००१/०८०/०८१, **तह** : मा.वि. (कक्षा ११-१२) करार,

**पद** : शिक्षक, **विषय** : लेखा

**योग्यता** : सम्बन्धित विषयमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उतीर्ण भएको

**तलब सुविधा** : सरकारी नियम अनुसार

**उमेर** : १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको, **दरखास्त दस्तुर** : रु.१५००/-

**दरखास्त पेश गर्ने अन्तिम मिति** : २०८०/०५/०३ गते ४:०० बजेसम्म

**सम्पर्क मिति** : २०७०/०५/०४, **परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता

**परीक्षा हुने मिति:** सम्पर्क मितिको दिन तोकिने छ ।

**आवश्यक कागजातहरू** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताका एस.एल.सी देखि स्नातकोत्तर तह सम्मका प्रमाणपत्रका प्रमाणित प्रतिलिपि, निरोगिताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मा.वि तहको स्थायी अनुमति पत्र र व्यक्तिगत विवरण २/२ प्रति

**सम्पर्क नं.** : ९८४७०४३९३६, ०७५-५२००९२

**श्री मोहन कन्या माध्यमिक विद्यालय**

तानसेन-४, पाल्पा



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई